केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३१/०६७/६८

मितिः २०६८/०३/३०

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको इ.प्रा.निर्देशन नं. २/०६७ को बुँदा नं. १६(क) को खण्ड (१) मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको तथा सो खण्डमा भएको टिप्पणीलाई हटाइएको छ।

*(१) यसरी प्रवाह हुने कर्जाको हकमा सुरक्षण बापत राखिने शेयरको मूल्याङ्कन गर्दा नेपाल धितोपत्र विनिमय बजार लिमिटेडबाट प्रकाशित पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्यको औसत मूल्य वा शेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ सो रकमको आधारमा **बैंक तथा वित्तीय संस्था आफैले कर्जामा हुने जोखिम न्यूनीकरण हुने गरी आवश्यक मार्जिन कायम गरेर मात्र शेयर धितो कर्जा प्रवाह** गर्न सकिने छ। एकपटक प्रवाह गरिसकेको यस्तो कर्जाको सुरक्षणमा रहेको शेयरको पुनरमूल्याङ्कन गरी सोको आधारमा थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन।*

२. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको इ.प्रा.निर्देशन नं. ३/०६७ को बुँदा नं. ११ (३) को खण्ड (ग) को उपखण्ड (३) ( मिति २०६७।१२।०४ मा जारी नीति/परिपत्र/२१/०६७/६८ को परिपत्रले गरेको परिमार्जित व्यवस्था) मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको र खण्ड (घ) को उपखण्ड (१) मा भएको रु.६० लाखको व्यक्तिगत आवासीय घर कर्जाको सीमालाई वृद्धि गरी **रु. ८० (असी) लाख** कायम गरिएको छ।

*(३) कर्जा प्रवाह गर्दा तोकिएको समयावधि अनुसारको सीमा नाघ्नेगरी इजाजतपत्रप्राप्त संस्थाले उक्त प्रयोजन/Product हरुमा प्रदान गरेको कर्जाको पुनरसंरचना वा नवीकरण गर्न पाउने छैनन्।*

*तर यस परिपत्रको संरचना एवं भावनालाई प्रतिकुल असर नपार्ने गरी अन्य सम्पूर्ण व्यवस्थालाई यथावत कायम राखी रियल स्टेट कर्जा सुविधा उपभोग गरेका ऋणीले **सम्पूर्ण बक्यौता व्याज भुक्तानी गरेको अवस्थामा २०६९ आषाढ मसान्तसम्मको लागि नवीकरण गर्न सकिने छ।***

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

३. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई परिपत्र २१ मिति २०६७।१२।०४ को परिपत्रबाट जारी गरिएका ने.रा.बैंक निर्देशन फा.नं.९.३ (क), ने.रा.बैंक निर्देशन फा.नं. ९.१४ र अनुसूचि ४.अ लाई खारेज गरी यसैसाथ संलग्न संशोधित ने.रा.बैंक निर्देशन फा.नं.९.३ (क), ने.रा.बैंक निर्देशन फा.नं. ९.१४ र अनुसूचि ४.अ लागू गरिएको छ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।